कागजातहरु पेश गर्ने र सो अनुसार सम्बन्धित बैंकले लाभग्राहीलाई निजी आवास निर्माण कर्जा उपलव्ध गराउने ।

## अनुसूची १

(भूकम्प पीडितहरुको निजी आवास निर्माणका लागि सहुलियत कर्जा लिनका लागि बैंक वा वित्तिय संस्थामा पेश गर्नु पर्ने कागजातहरु)

नेपाल सरकार बाट मिति २०७५/०५/२१ मा स्वीकृत भई जारी गरिएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ अनुसार रु तीन लाख सम्मको निजी आवास निर्माण कर्जा लिनका लागि बैंक वा वित्तिय संस्थामा भूकम्प पीडितले निम्नानुसारको कागजात पेश गरेपछी एक्काईस दिनभित्रमा कर्जा प्राप्त गर्न छन् ।

१. सम्बन्धित बैंक तथा वित्तीय संस्थाको विधिवत् रुपमा भरिएको कर्जा आवेदन फाराम ।

२. लाभग्राहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वः घोषणा ।

४. निजी आवास पुनर्निर्माण अनुदानको संझौता पत्रको सम्बन्धित स्थानीय तहका प्रशासकिय अधिकृतबाट प्रमाणित प्रतिलिपि ।

५. भूकम्प पीडितले अनुदान संझौता गरेको वडा र सम्बन्धित स्थानीय तहबाट हालसम्म निजी आवास अनुदानको दोस्रो किस्ताका लागी निवेदन नदिएको व्यहोरा सम्बन्धित वडा सचिव र स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित गरिएको सिफारिश पत्र ।

६. धितोका लागी आवश्यक लालपूर्जा लगायतका आवश्यक कागजात ।

२०७५/६/२२